# सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढि नगरपालिका – ८ मा पहिरो आई ग्रील कारखाना पुरियो

आज मिति २०७४। ०४। १९ गते अन्दाजी बेलुका १९:०० बजेको समयमा परेको अविरल बर्षाको कारण जि.सि.पा चौतारा साँगाचोकगढि नं.पा – ८ स्थित रहेको इर्खु बजारमा सञ्चालनमा रहेको दिल बहादुर सुनार, पुर्ण बहादुर सुनार, खडक बहादुर सुनार, देवलाल सुनार,पम्फा सुनार र चन्द्र माया सुनारको संयुक्त रुपमा सञ्चालन गरेको ग्रील कारखाना माथि भीरबाट अचानजक भीरबाट पहिरो आई ग्रील कारखाना पुरिएको उक्त स्थानमा प्रहरी चौकी सानो सिरुबारीबाट प्र.स.नि को कमाण्डमा स्थालगत अनुगमनको लागि टोली खटिई गएको मानविय तथा चौपाया क्षति नभएको र कारखानामा रहेको सम्पुर्ण सामानहरु पुरिएको अवस्थामा रहेको उक्त सामानको अन्दाजी मुल्य १,३०,००० ( एक लाख तीस हजार ) उक्त स्थान प्रहरी चौकी सानोसिरुबारी बाट ६ किलोमिट पश्चिम पर्ने जानकारी यस जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गराईन्छ ।

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढी नं.पा, सिन्धुपाल्चोक